# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# आदर्श गाउँपालिका
# डोटी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण निर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३५९

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
आदर्श गाउँपालिका,
डोटी।

**कैफियत सहितको राय**

हामीले आदर्श गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.९५ लाख ६८ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख २५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२७ लाख ८ हजार, नियमित गर्नुपर्ने रु.४३ लाख ८५ हजार र पेश्की रु.२० लाख ५० हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.४ करोड ६५ लाख ८२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.५ करोड ६१ लाख ५० हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको,असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# आदर्श गाउँपालिका, डोटी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६४ | १९ | ९५६८ | ० | ० | ० | ६४ | १९ | ९५६८ | ४२५ | ४३८५ | २७०८ | ० | ० | ७०९३ | २०५० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्र्यौट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ४६५८२ | 0 | ० | ४६५८२ | 0 | ९५६८ | ५६१५० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : आदर्श गाउँपालिका, डोटी , आदर्श गाउँपालिका , डोटी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Surat Bahadur Pariyar | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bijaya Raj Joshi | २०७७-४-१ | |
| लेखा प्रमुख | Harish Dhami | २०७७-१-१ | |
| | | **बेरुजु रकम** | ९,७७३,४१८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५,१४,३१,५६४.८८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २८,८५,७६,३५० | चालु खर्च | २४,४१,५२,६२२ |
| प्रदेश सरकारबाट अनुदान | २,३४,७९,८०० | पूँजीगत खर्च | ८,९६,४६,८११ |
| राजश्व बाँडफाँट | ६,९९,१५,६९१.२४ | वित्तीय/अन्य व्यवस्था | १६,८४,१६,८६६ |
| आन्तरिक आय | २७,१३,७१८.१७ | | |
| अन्य आय | १२,४७,९०,२६६ | | |
| कुल आय | ५०,९४,७५,८२५.४१ | कुल खर्च | ५०,२२,१६,२९९ |
| बाँकी मौज्दात | | ५,८६,९१,०९१.२९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा रहेको ३७ जना सभा सदस्य, १२२वर्ग किलोमिटर क्षेत्रफल तथा २४२३२ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७8।06।21 मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने र सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । | |

· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

· पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।

· कार्यालयको श्रेष्ता र वैक बीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैङ्क हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितणमुखि रहेको पाईयो।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

· वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· मुल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको देखियो ।

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | · कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>· सार्वजनिक खरिद नियमावली 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br><br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74<br>(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br><br>· सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br><br>· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br><br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>· निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३ | | | **बरबुझारथ** | |

| | | | | |
|---|---|---|---|---|
| | | | मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेखपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ४ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ५ | | | **बजेट, पेश,पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कमला देवी ओझाले मिति २०77।०३।१० गते रू. 57,87,18,590।13 को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।31मा पारित भएको छ ।यसैगरी गाउँपालिका अध्यक्षले २०७६।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ | |
| ६ | | | **बजेट सिमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था | |

भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७

**बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८

**चौमासिक खर्च**

गाँउपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः

| **क्र.स.** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | **अषाढ महिना** |
| १ | चालु खर्चतर्फ | 308301490 | 60977774 | 66595277 | 116579571 | 74359708 |
| २ | पूँजिगत खर्चतर्फ | 89646811 | 0 | 18220828 | 71425983 | 58334155 |
| ३ | जम्मा | 452260590 | 60977774 | 84816105 | 188005554 | 132693863 |
| ४ | प्रतिशत | 73.8 | 13.48 | 41.08 | 34.93 | 29.34 |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू. 452260590 निकासा भएकोमा प्रथम चौमासिकमा रू.60977774 अर्थात१३.48 प्रतिशत, दोश्रो चौमासिकमा रू. 84816105,अर्थात 41.08 प्रतिशत र तेश्रो चौमासिकमा रू.188005554, अर्थात 34.93 प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.132693863अर्थात 29.34 प्रतिशत खर्च देखिनुले अषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक बजेट विभाजन अनुसार खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९

**क्षेत्रगत बजेट र खर्च को स्थिति**

पालिकाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** | |
|---|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** | |
| १ | आर्थिक विकास | 11354000 | 18697374 | 87.56% | |
| २ | पूर्वाधार विकास | 92695600 | 47083311 | 50.79% | |
| ३ | सामाजिक विकास | 225391500 | 183956793 | 81.62% | |
| ४ | बातावरण तथा विकास | 0 | 0 | 0% | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 23300000 | 21069797 | 90.43% | |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 89519490 | 62992158 | 70.37% | |
| **जम्मा** | | **442260590** | **333799433** | **100%** | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी संस्थागत विकास र सेवा प्रवाहमा 90.43 प्रतिशत र वातावरण तथा विकासमा शून्य प्रतिशत खर्च रहेको छ । मध्यमकालिन खर्च संरचना तयार गरी बजेटलाई आवधिक योजना र दिगो विकास लक्ष्य अन्तर्गतको सूचकहरुमा आधारित बनाउनु पर्दछ ।

१०

**लक्ष्य प्रगति**

कार्यालयको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा गाउँपालिकाले सञ्चालन गरेका १02 योजनाको तोकिएको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिती** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | **102** | **0** | **0** | **0** | **1** |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | | | | **प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र<br>कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न पदमा 73 जना कर्मचारीहरु करारमा राखी रू.16819484 खर्च लेखेको छ । सो मध्ये अ.सव.इन्जिनियर स.कम्प्युटर अपरेटर समेत 3 जनाकर्मचारी दरबन्दी भन्दा बढी नियुक्त गरी रु. 730470 खर्च लेखेको देखियो । स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी करार<br>सेवामा भर्ना गरी खर्च लेखेको कार्य नियम सम्मत मन्न सकिदैन । | |
| १२ | | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित 93 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका विभिन्न 23 पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १३ | | | | **कर्मचारी कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले कर्मचारी कल्याण कोषको संचालन सम्बन्धी गाउँपालिकाबाट कुनै ऐन कानूनको र कोष व्यवस्था गरेको देखिएन । कानून बमोजिम कल्याणकारी कोषको व्यवस्था गर्नु पर्दछ । | |
| १४ | | | | **तलबी प्रतिवेदन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको शुरु तलवमान प्रदेश सरकारले तोके बमोजिम हुने र त्यसरी नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका(विषयगत बाहेक) कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नहुँदा तलव खर्च यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १५ | | | **वडा सचिवको पदपूर्ती**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवहरुको पदपुर्ति गरी वडा प्रशासन प्रभावकारी बनाउनु पर्दछ ।<br><table><tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>७</td><td>७</td><td>७</td><td>०</td></tr></table> | |
| १६ | | | **सेवा प्रवाह स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार 2 वटा ऐन, ४ वटा नियमावली, 19 कार्यबिधि र १ वटा आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नानुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ । | |


https://nams.oag.gov.np

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | 1892 |
| मृत्युदर्ता | 463 |
| बसाईसराई दर्ता | 273 |
| विवाह दर्ता | 371 |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | 0 |
| कालोपत्रे सडक मर्मत | 0 |
| ग्राभेल सडक निर्माण | 0 |
| ग्राभेल सडक मर्मत | ० |

१७

**योजना छनौट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७8 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।



https://nams.oag.gov.np

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाख सम्मका | रु ५लाख देखि १० लाख सम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| 10 | 22 | 50 | 22 | 12 | 116 |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष संचालन गरेका जम्मा 116 योजनाहरु मध्ये रू.१० लाख भन्दा बढीका जम्मा 12 वटा मात्र रहेकाले साना योजनाको संख्या धेरै रहेको देखियो । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यमा गुणस्तर समेत कायम गर्न नसकिने अवस्था भएकोले दिगो उत्पादनमूलक र ठूला रुपान्तरणकारी योजना कार्यान्वयनमा ध्यान जानु पर्दछ ।

१८ **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**

लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय अभ्यासलाई संस्थागत गर्नु पर्दछ ।

१९ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २५ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म 2 ऐन, ४ नियमावली, १9कार्यविधि र १ आचार संहिता निर्माण गरी कार्यान्यिनमा ल्याएइको छ ।

२० **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्ममा स्थानीय तहको न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार आ=व= २०७7।०७8 मा दर्ता भएका २2 वटा विवाद मध्ये 21 विवाद फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाई १ विवाद फछ्र्यौट गर्न वाँकि रहेको पाइयो ।

| | | | | |
|---|---|---|---|---|
| २१ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले ऐनले तोके बमोजिम यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा सम्पन्न नगराई एकमुष्ट बार्षिक रुपमा गरेको पाईयो ।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २२ | | | **कार्यविभाजन तथा सम्पादन**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ मा कार्यपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यापालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ सो नियमावलीमा प्रमुख उपप्रमुख वडा अध्यक्ष तथा वडा सदस्यहरुको काम कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनु पर्ने उल्लेख भएको पालिकाले हाल सम्म पदाधिकारीहरुको कार्य विभाजन नियमावली बनाएको छैन । कार्य विभाजन नियमावली स्वीकृत गरी कार्यन्वयनमा ल्याउनु पर्दछ | |
| २३ | | | **कार्यसञ्चालन कार्यविधि**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ ।<br>**क्र स** — **कार्यक्रमको नाम**<br>१ — जे सि वि, ट्याक्टरतथा वस संचालन<br>२ — एम्बुलेन्स संचालन | |
| २४ | | | **पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । सो ऐनमा स्वकीय सचिवको सुबिधा दिएको देखिदैन । तर पालिकाले 2078 बैसाख ६ गते स्वकीय सचिव नियुक्त गरी रु.34,400 गर्च लेखेकोले ऐनको व्यवस्था विपरित भुक्तानी भएको उक्त खर्च असुल हुनुपर्ने रु. | ३४,४०० |
| | | | | |

२५ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट गत वर्षको भुक्तानी समेत देहाय बमोजिम रू.1,11,25,500सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २२ जना | जम्मा ३७ |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 29000 | 29000 | 406000 | 348000 | 321000 | 1133000 |
| २ | यातायात खर्च | 0 | 72000 | 0 | 72000 | 828500 | 972500 |
| ३ | टेलिफोन,मोबाइलपुस्तक, पत्रपत्रीका, ईन्टरनेट | 119000 | 171000 | 945000 | 648000 | 1656000 | 3619000 |
| 4 | समन्वय तथा सहजीकरण | 162000 | 126000 | 756000 | 540000 | 1242000 | 2826000 |
| 5 | अतिथि सत्कार | 180000 | 162000 | 882000 | 0 | 0 | 1224000 |
| 6 | खानेपानी/बिजुली/सरसफाई | 63000 | 54000 | 252000 | 216000 | 414000 | 999000 |
| 7 | चाडपर्व खर्च | 25000 | 0 | 112000 | 54000 | 161000 | 352000 |
| | **जम्मा** | **578000** | **614000** | **3353000** | **1878000** | **4622500** | **11125500** |

२६ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रू. 22,33,709 खर्च गरेको छ । खर्च लेख्दा होटल विल मात्र समावेश गरी, प्रयोजन र

सहभागि नखुलाई टुक्रा-टुक्रा वील प्रयोग गरी खर्च लेखेको छ । जुन आन्तरिक आयको 82 प्रतिशत भन्दा बढी हुन जान्छ । चालु खर्चलाई न्यूनिकरण गर्न आवश्यक ध्यान जानु पर्दछ । यस सम्बन्धमा देखिएका उदाहरणहरु निम्न छन् ।

| **भौ.न/मिति** | **होटलको नाम** | **विषय** | **खर्च रकम** |
|---|---|---|---|
| 253/078/3/14 | शिवनगर खुद्रा तथा मदिरा पशल | खाना खाजा | 169075 |
| 281/078/3/20 | केन्जल होटल एण्ड किराना पसल | खाना खाजा | 95000 |
| 289/078/3/21 | शूर्य वंशी तेडी होटल | खाना खाजा | 117875 |
| 292/078/3/21 | पारस किराना पसल | दाल चामल | 32000 |
| 332/078/3/23 | भट्ट किराना पसल | चामल तेल | 94000 |
| 342/078/3/23 | भट्ट किराना पसल | चामल तेल | 87632 |
| 343/078/3/23 | निराजन नास्ता पसल,थापा खुद्रा तथा मदिरा पसल र शिवनगर खुद्रा मदारा पसल, शिवशक्ति नास्ता पसल | खाना खाजा | 93033 |
| 19/077/7/3 | शिवनगर होटल तथा खुद्रा पशल | खाजा खाना | 80000 |
| 40/077/9/9 | पोखरी सायड होटल | खाना खाजा | 31800 |
| 43/077/9/10 | शिवनगर होटल एण्ड खुद्रा पशल | खाना खाजा | 300000 |
| 167/078/1/7 | शिवनगर होटल एण्ड खुद्रा पशल | खाना खाजा | 254470 |
| **जम्मा** | | | **1354885** |

२७ **आर्थिक सहायता**

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष 52 जनालाई रू. 56,5000 आर्थिक सहायता वितरण गरेका छन् ।जुन आन्तरिक आयको शत प्रतिशत भन्दा बढी हो । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>अन्य कार्यालय खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।अन्य कार्यालयको लागि गरिने खर्चमा नियन्त्रण गर्नुपर्दछ।<br>
<table>
<tr><th>क्र स</th><th>कार्यलय वा संस्थाको नाम</th><th>कामको प्रकृतिको</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>शिक्षक महासंघ</td><td>कार्यालय व्यवस्थापन</td><td>50000</td></tr>
<tr><td>२</td><td>नेपाल चेम्बर अफ कमर्स</td><td>आर्थिक सहयोग</td><td>100000</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>मन्दिर निर्माण<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न 25 वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रु.1,09,75,000 खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट विनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमाकूल नगरपालिकाको पुँजिगत बजेटको करिव 13 प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई नगरपालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>अनुदानको अनुगमन<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३१ | | | **बार्षिक खरिद योजना।गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.8 करोड 96 लाख 64 हजार पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३२ | | | **कर कट्टि**<br>आयकर ऐन, 2058 को दफा 90 मा अग्रमि कर कट्टी गर्ने प्रत्यक व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । शुत्र सफ्टवयर अनुसार पालिकाको शसर्त शिर्षकमा रु.36,581 कर दायित्व शिर्जना गरी राखेको पाइयो । उक्त कर बापतको रकम राजस्व खातामा दाखिला हुनुपर्ने रु. | ३६,५८१ |
| ३३ | | | **मुल्य अभिवृद्धि कर दाखिला नगरेको**<br>आर्थिक ऐन,2076 ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले 2077/2/16 देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मुल्यअभिवृद्धि कर रकमको ५० प्रतशत राजस्व शीर्षकमा र वाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले ७ वडा कार्यालयको लागि सिलवन्दी दरभाउपत्र वाट उग्रतारा टेक्निकल गुड्स सप्लायर्सवाट 2077/9/7 मा कम्प्युटर, प्रिन्टर, स्क्यानर आदि खरिद गरी मूल्यअभिवृद्धि कर रु.84448 समेत रु.734048 भुक्तानी गरेकोमा 50 प्रतिशत मुल्यअभिवृद्धि कर रु.42224 कट्टी गरेको नदेखिएकोले उक्त रकम सम्बन्धित राजश्व खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. | ४२,२२४ |
| ३४ | | | **आयको अनुमान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.20,80,000 आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७8 मा रू.27,13,718 आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| | | | | |

<table>
<tr><td>३५</td><td></td><td></td><td>आन्तरिक आय<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७7।78 मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>
<table>
<tr><th>केन्द्रीय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>323799433</td><td>2713718</td><td>0.83</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.83प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>स्थानीय तहको विभाज्य कोष<br>प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाँडफाड गर्नुपर्ने बिभाज्य कोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन करको यथार्थ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाँडफाड गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>राजश्व अभिलेख<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापनगर्ने सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्नेदेखियो ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>कारोवारको लेखाङ्कन<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारिता र औचित्यता समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकामा 1 एम्बुलेन्स, 1 जे.सी.बी, तथा १ ट्र्याक्टर बाट भएकोनिम्नानुसारको आय व्ययको विवरण अनुसार कूल व्ययको जम्मा 35.86 प्रतिशत मात्र आय भएको अवस्था छ ।यसरी संचाचिल जे.सि.वि तथा एम्बुलेन्सले कति सेवा ग्राहीलाई</td><td></td></tr>
</table>

सेवा दिइएको थियो । जे.सि.वि कति घण्टा चलाइएको थियो सो सम्बन्धी तथ्याङ्क अध्यावधिक छैन । तथ्यांक अध्यावधिक नहुदा यी सेवा संचालनमा भएको आम्दानी र खर्चको यथार्थता परीक्षण गर्न सकिने स्थिति छैन ।पालिकाले स्रोतको सुनिश्चितताको आधारमा आफ्नो सेवा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ । लागत लाभको आधारमा कार्यविधि तय हुनु पर्दछ ।

| **मेशिनरी** | **संख्या** | **ईन्धन** | **मर्मत** | **तलब** | **जम्मा रकम** | **आम्दानी रकम** |
|---|---|---|---|---|---|---|
| डोजर जेसिबी | १ | ४७९५२० | २०३०६० | ३१००५० | ६८२५८० | २५५००० |
| ट्याक्टर | १ | ५६६४० | ३०००० | २६७०२० | ८६६४० | ४४५०० |
| पानी ट्याँङ्कर | १ | २०००० | ० | ० | २०००० | ३८०० |
| एम्बुलेन्स | १ | ३०००० | १७८६२३ | १०५६६७ | २०८६२३ | ५४५९० |
| **जम्मा** | **४** | **५८६१६०** | **४११६८३** | **६८२७३७** | **९९७८४३** | **३५७८९०** |

३९

**सवारी कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७7।७8 मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ

४०

**मनोरञ्जन कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७7।७8 मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ

४१

**व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७7।७8 मा गाउँपालिकाले यस शीर्षकमा रु.1,50,000 संकलन गर्ने अनुमान गरेकोमा कूनैपनि कर संकलन गरेको पाईएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४२ | | | **प्राविधिक विल र कर्यसम्पादन**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनु पर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४३ | | | **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडानका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ ।निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लेखित प्रावधान विपरित भएको देखिएकोले नियमित गर्नु पर्ने रु | ३,१७१,५३८ |

| क्र स | उपभोक्ता समितिको नाम | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम |
|---|---|---|---|
| १ | गिरिचौका डाँडा रविना सडक | जय भवानी कन्स्ट्रक्सन | 1327513 |
| २ | सिल्जे खतेडा सडक निर्माण | जय भवानी कन्स्ट्रक्सन | 1309025 |
| 3 | पातल घोडा सैनी धुलौटे सडक | मुस्कान निर्माण एण्ड सप्लायर्स | 535000 |
| | **जम्मा** | | **3171538** |

४४

**हेभी इक्विपमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । हेभी ईक्वीपमेण्टको प्रयोग तोकिए बमोजिम गर्नु पर्दछ ।

४५

**जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको

छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| ४६ | | | **निःशुल्क पाठ्यपुस्तक अनुदान**<br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७6।7७ को सि.नं. ३.१ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनु पर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । पालिकाले कोभिड महामारीको विषम परिस्थितिमा नयाँ शैक्षिक सत्र सञ्चालन नभएको, नयाँ विद्यार्थि भर्ना नभएको र जम्मा विद्यार्थि संख्या पनि एकिन नभई सकेको अवस्थामा विद्यालयले विना आधार निकासा माग गरेको आधारमा विद्यालयलाई पाठ्यपुस्तक वापतको रु.4142033 निकासा गरेकोले थप विद्यार्थि संख्या प्रमाणित हुने कागजातका आधारमा नपुग रकम एकिन नगरी थप निकासा पठाएकोले निर्देशिका विपरित पठाएको थप पाठ्यपुस्तक वापतको रकम बरावर विद्यार्थिले पाठ्यपुस्तक पाएको सनुस्चित गर्नुपर्दछ । | |
| ४७ | | | **बढी ग्रेड भुक्तानी**<br>शिक्षा नियमावलि 2049 माशिक्षक कितावखानाबाट ग्रेड एकिन गरि तलव भत्ता, ग्रेड भुक्तानी गर्नु पर्ने व्यवस्था छ । निम्नानुसारको विद्यालयहरुमा शिक्षक कितावखाबाट पारित ५ ग्रेड भएकोमा ७ ग्रेड दिई २ ग्रेड वढी भुक्तानी भएकोले असुल हुनुपर्ने रु. | १९,०७४ |

| विद्यालय | पद | पदाधिकारीको नाम | ग्रेड दर | वढी भुक्तानी ग्रेड रकम (थप संचयकोष समेत) |
|---|---|---|---|---|
| प्रभात मा.वि, देहिमाण्डौ | मा.वि द्धितिय | पदम सिंह साउद | 1346 | 13998 |
| सरस्वती आ.वि, पिड | प्रा.वि द्धितिय | शिव वहादुर रोकाया | 940 | 5076 |
| **जम्मा** | | | | **19074** |

| | | | | |
|---|---|---|---|---|
| ४८ | १४९ | २०७८-३-२३ | **ई.सि.डि सामान खरिद**<br>पाण्डे एजुकेशन गुड्स सप्लायर्स प्रा.लि बाट 35 थान ई.सि.डि खरिद भएकोमा सहजकर्ताको ट्रेडिङ नभएको नगराएको र ई.सि.डि संचालनको सामाग्रीहरु खरिद गरि जिन्सी मौज्दातामा राखिएकोले उक्त कार्यक्रमको लागि खरिद भएको सामान कार्यक्रम संचालन नगरी मौज्दात राखेकोले नियमसंगत नदेखिएको रु. | ४३९,३८४ |
| ४९ | | | **तलबी प्रतिवेदन**<br>स्थानिय सरकार सञ्चालन ऐन**,** २०७४ को दफा 7 बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित | |

| | | | | |
|---|---|---|---|---|
| | | | गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतकास्वास्थ्य तर्फका कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ५० | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले कोटेशन माग गरी देहायबमोजिम औषधि रु.24,31,703 को सोझै खरीद गरेको छ ।<br>औषधि खरिद सम्बन्धमा सम्बन्धीत आपूर्तकसँग औषधि खरीद सम्झौता नगरेको, राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको औषधि खरीद कार्य नगरेको, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाटSpecification अनुसार परीक्षण गरेर जिन्सी दाखीला गर्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने लेवलमा खुलाएको प्रमाण समावेश नभएकोले तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकीन गरी औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५१ | | | **अनुगमन प्रतिवेदन**<br>विशेष अनुदान सम्बन्धि कार्यविधि, 2075 को बुँदा नं ११ मा विशेष अनुदानबाट सन्चालन हुने आयोजना प्रभावकारीरुपमा लक्षित प्रतिफल प्राप्त हुने गरि संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नुपर्ने र सो को अनुगमन प्रतिवेदन चौमासिक रुपमा प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत निम्नानुसार कृषि तथा पशु सेवा संस्थालाई अनुदान वितरण गरेकोमा नियमित अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको पालना गर्नुपर्दछ । | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>अनुदान पाउने संस्था</th><th>अनुदान रकम</th></tr>
<tr><td>कालिका भगवति वाख्रा पालन समूह</td><td>400000</td></tr>
<tr><td>खोली सेउती वाख्रा पालन समूह</td><td>327020</td></tr>
<tr><td>पञ्चपारी वाख्रा पालन समूह</td><td>353615</td></tr>
<tr><td>डेविट आय कृषि फर्म</td><td>600000</td></tr>
<tr><td>प्रगतिशिल कृषक समूह</td><td>500000</td></tr>
<tr><td>डाडावाध कृषि तथा पशु पक्षिं फर्म</td><td>590000</td></tr>
<tr><td>तेडी दुर्गा वहुउदेश्य सहकारी</td><td>600000</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>जिन्सी दाखिला<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ अनुसार कुनै पनि माध्यमबाट कार्यलयमा प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले एकद्धार प्रणालीमार्फत जिन्सी दाखिला नगरि वडा, शाखा अनुसार छुट्टा छुटै जिन्सी खाता तयार गरि जिन्सी दाखिला गरेको छ । पालिकामा एकिकृत जिन्सी खाता छैन वाडा र सम्बन्धित विषयगत शाखामा खरिद भै दाखिला भएका जिन्सी पेश नहुदा सो को परिक्षण गरिएको छैन । जिन्सी सम्पत्ती एकिकृत गरी पाम्स सिस्टम लागु गर्नु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजागरी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका</td><td></td><td></td></tr>
</table>


https://nams.oag.gov.np

देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्धेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमाबाटो निर्माण,तटवन्ध निर्माण, पर्खाल निर्माण, खेल मैदान निर्माण, नाली निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी 92 जनालाई समग्रमा न्यूनतम 100 रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेतमा रू.5364808 (रोजगार संयोजक र प्रा.स तलव समेत) खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः

| वडा नं | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम | तलबमा खर्च भएको रकम |
|---|---|---|---|---|
| 2 | मगराउ पोखरी देखि नमादेव मन्दिर बाटो निर्माण | !$ | 723800 | 608408 (रोजगार संयोजक र प्रा.स तलव समेत) |
| | दुगराला रानिवन पोखरी निर्माण | !@ | 620400 | |
| 4 | महादेवस्थान स्वास्थ्य चौकी घेरवार निर्माण | @@ | 1137400 | |
| 5 | भैरब आ.वि पाइप लाइन योजना | !$ | 723800 | |
| 7 | गोपाल वालविकास भवन घेरपर्खाल निर्माण | !$ | 723800 | |
| | रेजुला गाउँ देखि मल्लो सडक सम्म बाटो सोलिङ निर्माण | !^ | 827200 | |
| **जम्मा** | | **92 जना** | **4756400** | |

५४

**सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । साथै नियम 85(1ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी ५ लाख भन्दा वढी रकमको एउटै व्यक्ति,फर्म,कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नपाइने व्यवस्था छ । पालिकाले निम्नानुसारको खरिदमा खरिद प्याकेज बनाई खुला प्रतिस्पर्धात्मक विधि अपनाउन सकिने अवस्थामा ५ लाखको सीमा भित्रका एक भन्दा धेरै टुक्रा पारी रु.81,70,152 बरावरको मसलन्द तथा कार्यालय सामाग्री तथा फर्निचर फिक्चर्स खरिद गरिएकोले



https://nams.oag.gov.np

प्रतिस्पर्धा सीमित हुन गएको छ । नियमावलीको प्रावधान भन्दा फरक गरी गरिएको कार्य नियम सम्मत मान्न सकिदैन । यस सम्बन्धमा देखिएका उदाहरणहरु निम्न छन् ।

| क्र.श | निर्माण व्यवसायको नाम | कामको विवरण | लागत अनुमान कन्टिन्जेन्सी वाहेक | सम्झौता अंक | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | केदार निर्माण सेवा | ईलाका प्रहरी कार्यालय मौवाको थुनुवा घर निर्माण | 300 | 296.1176 | 296.176 |
| 2 | किनारा निर्माण सेवा | सुवाखोला देखि नमादेव सडक मिर्माण | 400 | 390.503 | 390.503 |
| 3 | मुस्कान निर्माण सेवा | महादेव मन्दिर प्रतिक्षालय निर्माण | 150 | 145.520 | 145.520 |
| 4 | भुमिकृपा कन्स्ट्रक्सन | महादेव मन्दिर प्लाष्टर | 50 | 49.146 | 49.146 |
| 5 | महादेव कन्सट्रक्सन | साईलिखोला गरिचौका सडक मर्मत | 500 | 231.382 | 231.382 |
| 6 | पाथिभरा कन्स्ट्रक्सन | रेजुला साईलीखोला सडक | 500 | 460.326 | 460.326 |
| 7 | भैरब शक्ति निर्माण सेवा | पीड देखि दोकट सडक स्तरोन्नती | 500 | 492.299 | 492.299 |
| 8 | दिक्षा अर्डर एण्ड सप्लायर्स | दुर्गा आ.वि कम्प्यूटर तथा फोटोकपि खरिद | 200 | 199.445 | 199.445 |
| 9 | एम.वि कन्स्ट्रक्सन | गाउँपालिका अन्तर्गतका सडक मर्मत | 150 | 141.583 | 141.583 |
| 10 | श्रि सूजनशिल विकास समाज नेपाल | व्यक्तिगत घटना दर्ता किताव डिजिटाइजेशन | 170 | 169.305 | 169.305 |
| 11 | अनुष्का आरुषी ट्रेडर्स | वडा न.४ मा दाहिनन दमाहा वाजा खरिद | 250 | 250 | 250 |
| | **जम्मा** | | **3170** | **2825.6266** | **2825.685** |

<table>
<tr><td>५५</td><td></td><td></td><td>टुक्रा पारी खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६4 को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । साथै नियम 85(1ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी ५ लाख भन्दा वढी रकमको एउटै व्यक्ति,फर्म,कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नपाइने व्यवस्था छ । पालिकाले निम्नानुसारको खरिदमा खरिद प्याकेज बनाई खुला प्रतिस्पर्धात्मक विधि अपनाउन सकिने अवस्थामा ५ लाखको सीमा भित्रका एक भन्दा धेरै टुक्रा पारी रु.81,70,152 बरावरको मसलन्द तथा कार्यालय सामाग्री तथा फर्निचर फिक्चर्स खरिद गरिएकोले प्रतिस्पर्धा सीमित हुन गएको छ । नियमावलीको प्रावधान भन्दा फरक गरी गरिएको कार्य नियम सम्मत मान्न सकिदैन । यस सम्बन्धमा देखिएका उदाहरणहरु निम्न छन् ।<br>
<table>
<tr><th>क्र स</th><th>आपूर्तकको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>उग्रतारा टेक्निकल गुड्स एण्ड सप्लायर्स</td><td>स्टेश्ननरी सामान</td><td>890759</td></tr>
<tr><td>2</td><td>वड्डा सप्लायर्स</td><td>स्टेश्ननरी सामान</td><td>590000</td></tr>
<tr><td>3</td><td>हिरा ट्रेड्रर्स एण्ड जनरल सप्लायर्स</td><td>स्टेश्ननरी सामान</td><td>1759483</td></tr>
<tr><td>4</td><td>जे.वि ट्रेडर्ष</td><td>स्टेश्ननरी सामान</td><td>638820</td></tr>
</table></td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख</td><td></td></tr>
<tr><td>५६.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७8 मा कन्टीन्जेन्सी बापत रु.20,31,827 कट्टी गरेको छ ।</td><td></td></tr>
<tr><td>५६.२</td><td>११५</td><td>२०७८-३-१३</td><td>गाउँपालिका पुजिगत शिर्षकमा कन्टिन्जेन्सि बाट विभिन्न प्रकारका स्टेश्नरी सामान 2078/2/23 मा हिरा ट्रेडर्स एण्ड जनरल सप्लायर्ससंग रु.498838 मा खरिद गरेको छ । माग फाराम अनुसार एकजना व्यक्तिको मागको आधारमा असार 21 गते सम्पुर्ण</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

सामान खर्च कटाई दाखिला शून्य वनाएको देखिन्छ । लागत अनुमान तयार नगरी कन्टीजेन्सि बाट प्रतिशपर्धा छल्ने उदेश्यले खरिद भएको साथै एकै व्यक्तिको नाममा मागफाराम भरी खर्चलेख्नु नियमसंगत देखिदैन यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

५७ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

५८ **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः

| कार्यक्रमको नाम | निर्माण भएको कूल खर्च | सोझै खरिद (उपभोक्ता समितिपार्फत ) | | निर्माण व्यवसायिबाट | |
|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम |
| भौतिक पुर्वाधार निर्माण तथा मर्मत | 61994 | 102 | 54875 | 14 | 7119 |

५९ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत गाउँपालिकाको वडा नं.2 को नमादेव आ.वि र कालिभैरव मा.वि, वडा नं. 3 को झुडा आ.वि, वडा नै. ५ को भैरव आ.वि र मष्टामाण्डौं मा.वि को २ कोठे ट्रस भवन निर्माण गर्ने प्रत्येक विद्यालयलाई रु.23,35,226 को लागत अनुमान तयार गरी सवै विद्यालयको व्यवस्थापन समितिसंग 2078 आषाढ मसान्तमा कार्य सम्पन्न गर्ने गरी 2078/2/20 मा सम्झौता भएको थियो । सवै विद्यालयलाई रु. 1792886 का दरले भुक्तानी गरेको छ । उक्त निर्माण कार्य सम्बन्धी देखिएका व्यहोरा देहाय अनुसार छन् ।

1. आर्थिक ऐन, 2078 मा जेष्ठ १५ देखि नेपाल सरकारका निकाय, संघ संस्था, समितिले करार गरी मुल्यअभिवृद्धि कर भुक्तानी गर्दा 30 प्रतिश कर कट्टा गरी दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ । उक्त ६ वटै विद्यालयले घटाल ट्रेडर्स एण्ड सप्लायर्स धनगढी (भ्याट नं. 302535597) वाट २ कोठे भवनको ट्रस सेटको मूल्यअभिवृद्धि कर रु. 86283 समेत रु.750000 र झ्यालढोका सहित १ सेटको मूल्यअभिवृद्धि कर रु.14381 समेत रु. 125000 को सामान आपूर्तिगरी भुक्तानी गरेको छ । प्रत्येक विद्यालयले उक्त आपूर्तकलाई रु. 100664 मूल्यअभिवृद्धि कर भुक्तानी गरेको छ । नेपाल सरकारको अनुदानमा सञ्चालित सामुदायिक

| | | | | |
|---|---|---|---|---|
| | | | विद्यालयहरुले नेपाल सरकारको सवै कानून अनुशरण गर्नुपर्ने हुन्छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा रु.1 लाखभन्दा वढीको खरिद गर्न लागत अनुमान तयार गरी सम्झौता गर्नुपर्ने व्यवस्था रहेको र सम्झौता गरी खरीद गरिएका समानको भुक्तानी गर्दा मुल्यअभिवृद्धि कर कट्टा गर्नुपर्ने देखिएकोले मूल्यअभिवृद्धि कर कट्टी गरी दाखिला गरेको भौचर संलग्न गरेपछि मात्र निर्माण कार्य फरफारक गर्नुपर्नेमा पालिकाले सो अनुसार गरेको छैन । अत: ६ वटा विद्यालयले एउटै आपूर्तकवाट ट्रस सेट र झ्याल ढोका सेट खरिद गरी जम्मा रु. 603984 मूल्यअभिवृद्धि कर भुक्तानी गरेको देखिएकोले सो को 30 प्रतिशतले हुने रु. 181195 सम्बन्धित आपूर्तकले मूल्यअभिवृद्धि करमा दाखिला गरेको प्रमाण वा समायोजन पेश गर्नुपर्दछ ।<br>२. विद्यालय व्यवस्थापत समितिले रु.५ लाख भन्दा वढीको मालसामान खरिद गर्दा सार्वजनकि खरिद ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धा गरी खरिद गरेको प्रमाण पेश भएपछि मात्र विल भुक्तानी हुनुपर्नेमा पालिकाले विद्यालयममा सोझै खरिद गरेको भएपनि फरफारक गरेको पाइयो ।<br>उपभोक्ता समितिवाट सञ्चालित भवन निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था नगरेको र कुनैपनि भवन निर्माण र निर्माण सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । | |
| ६० | | | **कम्प्युटर ल्याब निर्माण**<br>भगवती मा.वि वडा नं.५ मा कम्प्युटर ल्याव निर्माण गर्न विद्यालयले उग्रतारा टेक्निकल गुड्स सप्लायर्सवाट 2078/3/19 मा खरिद गरेको विल रु.1715200 र मूल्यअभिवृद्धि कर रु.222976 समेत रु.1938176 भुक्तानी गरेको छ । उक्त सामान खरिद गर्न विद्यालयले ३ वटा सिलवन्दि दरभाउ माग नगरी सोझै गरिद गरेको देखियो । खरिद कानूनको प्रकृया नपुर्याई खरिद गरेपनि पालिकाले फरफारक गरेको छ । विद्यालयले 30 प्रतिशत मूल्यअभिवृद्धि कर रु.66893 पनि कट्टा गरि दाखिला गरेको देखिएन । | |
| ६१ | | | **भवन प्रवलिकरण**<br>पालिकाले शिक्षा तथा मानव श्रोत विकास केन्द्रको पत्रानुसार वडा नं.7 को गंगा भवानी आधारभूत विद्यालय भवन प्रवलिकरण गर्न निकासा प्राप्त भएको रकम भौं.नं.37 वाट 2078/3/27 मा रकम रोक्का गर्ने गरी विद्यालयको खातामा रकम पठाएको छ । यसरी आर्थिक वर्षको अन्त्यमा वजेट फ्रिज हुन नदिने उदेश्यले निकासा दिनु वजेट सिद्धान्त विपरित छ । उक्त निकासा रकमको भवन प्रवलिकरण गरी कार्य सम्पन्न भएको प्राविधिक मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | १,५००,००० |
| ६२ | | | **सोलार सिष्टम खरिद**<br>पालिकाले वायो ग्यासको लागि रु.२ लाख बजेट विनियोजन गरेको थियो । पालिकाले २१ वाटको सोलार होम सिष्टम ५० सेट राजा इलेक्ट्रोनिक्सवाट मूल्यअभिवृद्धि कर समेत रु.497652 मा खरिद गरी भौ.न.31 वाट 20783824 मा रु.472606 खर्च लेखेको छ । पालिकाले सम्झौता नगरी ५० थान सोलार सिष्टम गरिद गरि जिन्सीमा मौज्दात राखेको छ । यसरी वायोग्यास कार्यक्रमको लागि विनियोजन गरेको रकमवाट कार्यक्रम विपरित सोलार सिष्टम खरिद गरेको र सो सामान प्रयोग नगरी मौज्दात नै रहेको देखिएकोले उक्त रकम नियमसंगत नदेखिएको साथै कार्य सम्पन्न प्रतिवेदन समेत पेश हुनुपर्ने रु. | ४७२,६०६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६३ | | | | **डि पि आर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई कूल रू.39 लाख 14 हजार खर्च भएको छ । | | |



https://nams.oag.gov.np

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | आयोजनाको लागत |
|---|---|---|---|---|
| Detail Project Report of Syaule Barakanda Road (6.3 KM) | Cosmic Engineering Company Pvt.Ltd. Kathmandu | 5,00,000 | 4,98,330 | 34,95,59,424.92 |
| Detail Project Report of Nuwakot Watersupply Project and Bharra Gautada, Sailekh, Jalkule Irrigation Project | Integrated Development Engineering Company, Kathmandu | 3,00,000 | 2,98,885 | 25,66,424.24 |
| Preparation IEE of Primary Health Post in Aadarsha Rural Municipality 03, Kadisyaule Doti | Musk Deer Engineering Consultants, Dhangadi-2, Kailali | 2,50,000 | 2,48,000 | 9,40,000/- |
| DPR preparation work of primary health post in Aadarsha Rural Municipality 03, Kadisyaule Doti | Ramaroshan Engineering Company Pvt.Ltd., Koteshwor, Kathmandu | 3,00,000 | 2,98,000 | 56,02,726.63 |
| IEE Preparation work of ward office building Aadarsha Rural Municipality 03, Doti | Santa and Son Consultants, Baneshwor, Kathmandu | 2,50,00 | 2,47,000 | 10,40,000/- |
| Detail Project Report of ward-7, office Building | त्रिनेत्र कन्स्ट्रक्सन एण्ड कन्सल्ट नेपाल प्रा लि, धनगढी कैलाली | 4,00,000 | 3,93,240 | 2,32,61,248.24 |
| Geographical Survey Vertical Electrical Sounding (VES) in Aadarsha Rural Municipality 05, Lamikhal Doti | Alpine Consultancy Pvt.Ltd.Kathmandu, Nepal | 5,00,000 | 4,97,200 | - |
| Geographical Survey Vertical Electrical Sounding (VES) in Aadarsha Rural Municipality 04, Gaureli Doti | Chetana Engineering Service Pvt.Ltd.Kathmandu, Nepal | 5,00,000 | 4,97,200 | - |
| Detail Project Report of Sailigad Solar Lifting Water Supply Project for ward no. 6 & 7 | दुर्गा इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्ट नेपाल प्रा लि आदर्श २ डोटी | 7,50,000 | 7,39,020 | 1,30,80,397.73 |
| Detail Project Report of Rejula-Girichauka sadak 6 & 7 | B.S.Consultant & Construction Pvt.Ltd., Dhangadhi Kailali | 2,00,000 | 1,97,750 | 24,61,70,292.42 |
| **Total** | | **4050000** | **3914625** | |

| | | | | |
|---|---|---|---|---|
| | | | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट छैन । आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । | |
| ६४ | | | **परामर्श सेवा**<br>वडा नं.६ र ७ को सायली गाड सोलार लिफ्टिङ खानेपानी आयोजनाको डिपिआर तयार गरे वापत दुर्गा इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टलाई रु.739020 (मूल्यअभिवृद्धि कर समेत) भुक्तानी गरेको छ । त्यस्तै वडा नं.4 र ५ को गैरेली खानेपानीको डिपिआर तयार गरे वापत जियो इन्भारोमेन्ट प्रा.लि लाई रु.440000 र लामखाल डिप वोरिङ्गको जियो ग्राफिकल सर्भे गरेवापत अल्पाइन कन्सल्टेन्सी प्रा.लि लाई 440000 समेत रु.880000 र मूल्यअभिवृद्धि कर रु.114400 समेत रु.994400 भौ.न 33 वाट 2078/3/25 मा भुक्तानी गरेको छ । सम्झौतामा परामर्शदातालाई ३ किस्तामा रकम भुक्तानी गर्ने व्यवस्था भएपनि अन्तिम प्रतिवेदन पेश गरेको भनी एकै पटक भुक्तानी गरेको देखियो । ड्राफ्ट प्रतिवेदन प्राप्त भई छलफल पछि मात्र अन्तिम प्रतिवेदन तयार गर्नुपर्नेमा परामर्शदाताले सम्झौताको शर्त पालना गरेको देखिएन । | |
| ६५ | | | **प्रशासकिय भवन निर्माण**<br>गाउँपालिकाको रु.7 करोड 62 लाख 86 हजार लागत अनुमान रहेको प्रशासकीय भवन निर्माण गर्न रोयल कन्स्ट्रक्सनसंग 2077/3/12 मा 2079 मसार मसान्तमा कार्य सम्पन्न गर्ने गरी रु.49079538.50 मा ठेक्का सम्झौता भएको थियो । उक्त निर्माण कार्यको यस आर्थिक वर्षसम्म स्टक्चरको कार्य सम्पन्न गरी मूल्यअभिवृद्धि कर वाहेक रु.28949427.51 भुक्तानी भएको छ । | |
| ६६ | | | **कर कट्टि**<br>आयकर ऐन २०५८ को दफा ८७(१) मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्ति गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिमका दरले हुने कर कट्टी गर्नु पर्ने उल्लेख छ । पालिकामा एम्विवियस डक्टर श्री विष्णु खड्का 2077/7/1 देखि मासिक रु.142000 पारिश्रमिक पाउने गरि नियुक्ति गरेको देखिन्छ । निजको ९ महिनाको करयोग्य आय रु.1278000 छ । आयकर ऐन अनुसार कट्टि गर्नुपर्ने रकम रु.227400 कट्टी गर्नु पर्नेमा रु.211680 मात्र कट्टी गरेकोले नपुग कर रकम सम्बन्धितबाट असुल गरि दाखिला गरिनुपर्ने रु. | १५,७२० |
| ६७ | | | **पालिका भित्रको भ्रमण**<br><br>भ्रमण खर्च नियमावली २०६४ को नियम ५ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटीएका पदाधिकारी वा कर्मचारीले मात्र भ्रमण खर्च पाउने उल्लेख छ । पालिकाका देहाए बमोजिमका पदाधिकारी/कर्मचारीहरुले आफ्नो पालिका भित्र विभिन्न कार्यका लागि जाँदा दैनिक भ्रमण भत्ता भुक्तानी लिएकाले सम्बन्धित पदाकिकारिबाट असुल गरिनुपर्ने रु. | २१,५०० |

| भौ नं/ मिति | नाम/पद | विषय/उदेश्य | रकम रु |
|---|---|---|---|
| 243/078/3/21 | टेक वहादुर रोकाया | विद्यालयको शैशिक तथा भौतिक अनुगमन | 8400 |
| | कमला ओझा | | 6800 |
| | नरेन्द्र बहादुर रोकाय | | 6300 |
| **जम्मा** | | | **21500** |

| | | | | |
|---|---|---|---|---|
| ६८ | | | **न्यायिक समिति बैठक**<br>१२२।२०७८।३।२३ र १२२।२०७७।११।७ नेपालको संविधान अनुसार स्थानीय तहको न्यायिक समितिमा उप प्रमुख सहित तीन जना सदस्य रहने व्यवस्था छ । यस पालिकाले न्यायिक समितिको बैठकमा सहभागि भए बापत १3 जनालाई बैठक भत्ता भुक्तानी दिएको देखिन्छ । संविधान अनुसार ३ जना मात्र रहने समितिमा १3 जनालाई विभिन्न मितिमा बसेको बैठकको भत्ता बापत कर वाहेक कूल रु. 47,600 भुक्तानी गर्नका कारण स्पष्ट गर्नुपर्ने अन्यथा न्यायिक समितिका पदाधिकारी र कार्यलय सहयोगी १ जना बाहेक गा.पा.अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत सहित 13 जनाले बुझेको भत्ता सम्बन्धित बाट असुल गरिनुपर्ने रु. | ४७,६०० |
| ६९ | | | **तालिम सञ्चालन**<br>३४९।०७८।३।२४ स्वास्थ्य तालिम संचालन निर्देशिका 2077/78 को अनुसूचि १ मा तालिम सञ्चालनमा उत्घाटन र समापनको लागि १४00 दिने व्यवस्था छ । पालिकाले महिला स्वास्थ्य स्यमंसेविकाको 10 दिने आधारभुत तालिममा विशिष्ट व्यक्ति उत्घाटन र समापनमा निम्न पदाधिकारीहरुलाई तोकिय भन्दा २ दिनको वढी भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्ने रु. | ७,८२० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><th>पदाधिकारीको नाम</th><th>वढी भुक्तानी भएको रकम (कर वाहेक)</th></tr><tr><td>श्री सुरत वहादुर परियार<br>श्री कमला ओझा<br>श्री नरेश खड्का</td><td>2720<br>2720<br>2380</td></tr><tr><td>जम्मा</td><td>7820</td></tr></table></td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>बढी ग्रेड भुक्तानि<br>निजामति सेवा ऐन, 2049 मा हरेक वर्ष तलवि प्रतिवेदन पारित गरि तलव भत्तामा खर्च लेख्नुपर्ने व्यवस्था छ । साथै अर्थ मन्त्रालय द्धारा जारि परिपत्रमा हरेक पदको अधिकतम ग्रेड संख्या निर्धारण गरि सोहि सिमा भित्र रहि ग्रेड भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । सोहि अनुसार कार्यालय सहयोगिको अधिकतम ग्रेड संख्या ४ तोकेको छ । पालिकाले कार्यालय सहयोगि श्री अमरराज भट्ट लाई असौज महिना देखि वृद्धि भएको ग्रेड ५ दिई ११ महिना र कर्मचारी सञ्चय कोष समेत जम्मा रु.10721 वढी भुक्तानी दिएकोले उक्त रकम सम्बन्धित व्यक्तिबाट असुल हुनुपर्ने रु.</td><td>१०,७२१</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>बैठक भत्ता<br>265/078/3/17आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39 (5)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । शिक्षा समितिका पदाधिकारी वैठक भत्ता वितरण बापत टेक वहादुर कम्प्युटर अपरेटरको नाममा निकासा भएकोमा लेखापरीक्षणको समयसम्म रु.22950 भत्ता वितरण भएको नपाइएको साथै पालिकामा ३३ विद्यालय रहेकोमा प्र.अ बैठक भत्ता वापत ३५ जना प्र.अ लाई जनही २000 को दरले भुक्तानी भई २ जनालाई नपाउने भत्ता दिएकोले दुवै गरी रु.26950 जिम्मेबार पदाधिकारीबाट असुल हुनुपर्ने रु.</td><td>२६,९५०</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>प्रमाण विनाको भुक्तानी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायवली,2077 को नियम 39(5)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी स्थानिय सरकार संचालन ऐनमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा चार पाङग्रे सवारी 1 र मोटर साइकल 21 (वडा समेत) डोजर लोडर, ट्याक्टर 1, पानी ट्यांकर 1 र एम्बुलेन्स चालु हालतमा रहेको देखिन्छ ।यस वर्ष ईन्धन खर्चमा रु.17,22,225 खर्च भएको छ । इन्धन खर्च लेख्दा सवारी लकबुक राख्ने गरेको छैन भने कुन नम्बरको सवारीमा इन्धन भरीएको हो सो खुल्दैन साथै इन्धन खर्च दावि गरीएका अधिकांश अर्धकट्टीमा</td><td>२४२,५७७</td></tr>
</table>

कार्यालयको छाप छैन । स्थानीय इन्धन विक्रेता एल.जि फ्यूल सेन्टरलाई इन्धन भुक्तानी दिदा बिक्रेता सँग भएको अर्डर स्लिपमा कार्यालय प्रमुख र लेखाप्रमुखको दस्तखत प्रयोग गरी शाखा प्रमुख, करार कर्मचारीको दस्तखत तथा कर्मचारी, पालिकाका अध्यक्ष र उपाध्यक्षले फोनमार्फत मौखिक अर्डरका आधारमा उक्त इन्धन बापतको विल कार्यलयमा पेश गरी भुक्तानी लिने गरेको केही उदाहरण तल उल्लेख गरिएको छ ।लेखापरीक्षणको क्रममा यस सम्बन्धमा प्रतिकृया लिदा कुनै अर्डर स्लीपमा भएको दस्तखत भेरीफाई गर्न नसकिएको साथै इन्धन वितरक संगनै अर्डर स्लीप रहने र गाउँपालिकाको नामबाट अर्डर भएको लेखि सोही अर्डरको आधारमा खर्च दावि गरेको देखिन्छ । यसरी फोनको आधारमा लिएको इन्धनको विलमा गाडि न. र सवारी धनिको नाम उल्लेख नहुने हुनाले कसलाई इन्धन उपलब्ध गराइएको सो समेत यकिन हुन सकेन । यस सम्बन्धमा पालिकाले छानविन गरी कार्यालयको रेकर्ड र आधिकारीक व्यक्तिको आदेश विना मौखिक आदेश दिने पदाधिकारीहरुबाट असुल गरिनुपर्ने रु.

| **भौ.न/मिति** | **व्यहोरा** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| 320/078/3/22 | ग्राहक नं. 2-26-203 को 2078/3/10 सम्मको विद्युत महसूल वाँकी वक्यौता | 125577.93 | विल संलग्न नराखी गोश्वरा भौचर मात्र उठाई खर्च लेखेको । |
| 53/077/9/27 | सूचना प्रकाशन | 60000 | सुचना प्रकाशन बापत सुदुर दर्पणलाई सूचना प्रकाशनको खर्च लेख्दा सम्झौता, विल र सूचना प्रकाशन गरेको प्रमाण पेश नभएको। |
| 135/077/12/17 | मोटर साइकल मर्मत | 7000 | दिकप साउदको नाममा विल संलग्न गराखि भुक्तानी भएको । |
| 352/078/3/24 | सूचना प्रकाशन | 50000 | अमरगढी मिडीया प्रा.लिको नाममा सूचना प्रकाशनको खर्च लेख्दा सम्झौता, विल र सूचना प्रकाशन गरेको प्रमाण पेश नभएको। |
| **जम्मा** | | **242577.93** | |

७३ **भ्रमण खर्च**

७३.१ सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

| | | | | |
|---|---|---|---|---|
| | | | · अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ७३.२ | | | **खर्च मितव्यीताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2075 को दफा 24 को उपदफा 2 मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका क्रियाकलाप गर्दा आर्थिक रुपले कम खर्च हुने गरी गरेको देखिएन । मोटरसाइकल बनाउन नजिकको पहुँच हुदा हुदै धनगढीसम्म दैनिक भ्रमण भत्ता स्विकृत गराई जाने, प्रशासनिक कार्यमा जनप्रतिनिधिहरुलाई भ्रमण आदेश स्वीकृत गराई खर्च लेख्ने, कामको प्रयोजन नखुलाई सरकारी कामकाज उल्लेख गरी अनुगमन मुल्यांकन, भ्रमण खर्च र अन्य भ्रमण खर्चमा वर्ष भरिमा रु. 48,94,856 खर्च गरेको छ । जुन आन्तरिक आम्दानीको 56 प्रतिशत हुन जान्छ । स्पष्ट आधार, कामको आवश्यकता, कामको गुणस्तरता कायम हुने गरी खर्च मितव्ययीता अपानाउनुपर्ने देखियो । साथै छनौट गरि परिक्षण गरिएका देहायको खर्च मितव्ययी नदेखिएको रु. | ७७३,८९२ |

| भौ.न/मिति | वडा न./ गाउँपालिका | खर्च रकम | कैफियत |
|---|---|---|---|
| 302/078/3/22 | वडा न.५ | 18611 | वडाध्यक्ष र वडा सचिव लगायतको दैनिक भ्रमण भत्ता स्वीकृत गर्दा भ्रमण स्थान र उदेश्य उल्लेख नगरेको |
| 3032078/3/22 | वडा न.6 | 184981 | |
| 304/078/3/22 | वडा न.7 | 160000 | |
| 309/078/3/22 | वडा न.1 | 30000 | भ्रमण प्रतिवेदन समावेश नगरेको |
| 312/078/3/22 | वडा न.4 | 100300 | |
| 333/078/3/23 | वडा न.2 | 170000 | वडाध्यक्ष र वडा सचिवले कार्यालय सम्बन्धि जानकारीको उदेश्य राखी दिपायल र धनगढी गएको |
| 334/078/3/23 | वडा न.3 | 110000 | मोटर साइकल मर्मत र फोटोकपि पेपर खरिद गर्न धनगढी गएको । |
| **जम्मा** | | **773892** | |

| | | | | |
|---|---|---|---|---|
| ७४ | | | **इन्धन खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायवली,2077 को नियम 39(5)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी स्थानिय सरकार संचालन ऐनमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा चार पाङग्रे सवारी 1 र मोटर साइकल 21 (वडा समेत) डोजर लोडर, ट्याक्टर 1, पानी ट्यांकर 1 र एम्बुलेन्स चालु हालतमा रहेको देखिन्छ ।यस वर्ष ईन्धन खर्चमा रु.17,22,225 खर्च भएको छ । इन्धन खर्च लेख्दा सवारी लकबुक राख्ने गरेको छैन भने कुन नम्बरको सवारीमा इन्धन भरीएको हो सो खुल्दैन साथै इन्धन खर्च दावि गरीएका अधिकांश अर्धकट्टीमा कार्यालयको छाप छैन । स्थानीय इन्धन विक्रेता एल.जि फ्यूल सेन्टरलाई इन्धन भुक्तानी दिदा बिक्रेता सँग भएको अर्डर स्लिपमा कार्यालय प्रमुख र लेखाप्रमुखको दस्तखत प्रयोग गरी शाखा प्रमुख, करार कर्मचारीको दस्तखत तथा कर्मचारी, पालिकाका अध्यक्ष र उपाध्यक्षले फोनमार्फत मौखिक अर्डरका | ४०९,७७६ |

आधारमा उक्त इन्धन बापतको विल कार्यलयमा पेश गरी भुक्तानी लिने गरेको केही उदाहरण तल उल्लेख गरिएको छ ।लेखापरीक्षणको क्रममा यस सम्बन्धमा प्रतिकृया लिदा कुनै अर्डर स्लीपमा भएको दस्तखत भेरीफाई गर्न नसकिएको साथै इन्धन वितरक संगनै अर्डर स्लीप रहने र गाउँपालिकाको नामबाट अर्डर भएको लेखि सोही अर्डरको आधारमा खर्च दावि गरेको देखिन्छ । यसरी फोनको आधारमा लिएको इन्धनको विलमा गाडि न. र सवारी धनिको नाम उल्लेख नहुने हुनाले कसला ाइ इन्धन उपलब्ध गराइएको सो समेत यकिन हुन सकेन । यस सम्बन्धमा पालिकाले छानविन गरी कार्यालयको रेकर्ड र आधिकारीक व्यक्तिको आदेश विना मौखिक आदेश दिने पदाधिकारीहरुबाट असुल गरिनुपर्ने रु.

| भौ.न/मिति | अर्धकट्टी नं/मिति | इन्धन प्रकार | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| 17/077/7/3 | 2101/077/5/31<br>775/077/5/12<br>2838/077/4/4<br>785/077/5/13 | पेट्रोल | 8<br>8<br>10<br>50 | 96.01 | 7297 | अर्डर स्लिपमा हाकिमको फोन मार्फत अर्डर/अर्डर स्लिममा कार्यालयको छाप नभएको |
| 41/077/9/10 | 2121/077/6/21<br>264/077/6/25 | पेट्रोल | 10<br>14 | 96.01 | 2016 | अर्डर स्लिपमा भाट सरको मौखिक आदेशमा,कार्यालयको छान नभएको,ले.प को समयमा साइन भेरिफाइ नभएको |
| 95/077/11/3 | 8729/077/9/18<br>1052/077/8/23 | पेट्रोल | 10<br>10 | 96.01 | 2304 | अर्डर स्लिपमा डवल सरको मौखिक आदेशबाट,कार्यालयको छाप नभएको |
| 98/077/11/3 | 2467/0776/3<br>2452/077/5/18<br>2444/077/2/18<br>2774/077/6/11 | डिजेल | 740<br>26<br>650<br>201<br>500 | | 193271 | अर्डर स्लिपमा भाट सरको फोनबाट लेखेको,कार्यालयको छाप नभएको र कुन गाडीमा प्रयोग भएको हो सो नखुलेको । |
| | **जम्मा** | | | | **204888** | |

७५ **सडक मर्मत समूह(RMG)**

पालिकाले साविक स्थानीय विकास सडक मर्मत कर्मचारीहरुलाई पालिका भित्रको सडक मर्मत गर्न 17 जनालाई दैनिक रु.600 को दरलेमासिक १३ दिन काम गर्ने गरी यस वर्ष ज्यालादारी तलव भत्तामा जम्मा रु.1591200 खर्च लेखेको छ । गत वर्ष सम्म उक्त कर्मचारीको ज्याला भुक्तानी गर्न सडक वोर्ड नेपालबाट अनुदान प्राप्त हुने गरेकोमा चालु वर्ष देखि अनुदान रोकिएको देखिन्छ । पालिका भित्रका सडक बाह्रै महिना पूर्णरुपमा सञ्चालन नहुने र कुन कामदारले कुन सडक

| | | | | |
|---|---|---|---|---|
| | | | कहा देखि कहा सम्म मर्मत गर्नुपर्नेहो सो नखुलाई एकमुष्ठ १३ दिनको डोरहाजिरको आधारमा खर्च लेखि पालिकालाई वढि व्यभार पारेको देखिन्छ । स्पष्ट आधार र आवश्यकता पहिचान नगरि गरिएको यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |
| ७६ | | | **समाजिक सुरक्षा तर्फ**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै नागरिकता नंबर र एउटै जन्ममिति भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचय पत्र जारी गरेको, मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरिएको पाइयो । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गरी दोहोरो नामावलि र मृत्यु भइसकेका व्यक्तिको नामावलि लगत कट्टी गर्नुपर्ने जरुरी छ । | |
| ७७ | | | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाको घटना दर्ता व्यवस्थापन अध्यावधिक हुनु पर्दछ । | |
| ७८ | | | **सामाजिक सुरक्षा पेश्कि**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2064 को नियम 47 मा पेश्की लिने व्यक्ति वा सस्थाले कार्य सम्पन्न भएको 15 दिन भित्र आफुले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदन सहित सम्बन्धित कार्यालयमा पेश गरी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रथम चौमासिकमा सहायक चौथो (सचिव) दिपक वहादुर साउदको नाममा ७ वटा वडाहरुको एकमुष्ट रु.25598472 पेश्की दिएको छ । त्यस्तै दोस्रो चौमासिकमा भत्ता वितरण गर्न २ नं वडा कार्यालयका वडा सचिव श्री डुण्डीराज भट्ट लाई रु.13314826, सहायक चौथो दिपक बहादुर साउदको नाममा रु.9085556 र सहायक चौथो श्याम सिंह धामिको नाममा रु.6491281 मिति 078/1/2 मा पेश्की दिएको र तेस्रो किस्ता वितरणको लागि 2078/3/30 मा सहायक चौथो दिपक वहादुर सिंहको नाममा रु.28779387 समेत रु.66763415 पेश्की दिएको छ ।<br>यसरी एक पटक लगेको पेश्की फछ्र्यौट नगरी पटक-पटक पेश्की दिने उचित देखिएन । समयमा नै सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्नेमा एकै पदाधिकारीहरुलाई पेश्की उपलव्ध गराई भत्ता वितरण कार्य गरेको छ । पहिलो चौमासिक कार्तिक महिनामा एकै पदाधिकारीहरुलाई पेश्की स्वरुप दिएकोमा कहिले वितरण भएको उल्लेख छैन । त्यस्तै दोस्रो चौमासिक बैशाखमा मात्र लिएको छ । तेश्रो चौमासिक असार 30 गते मात्र पेश्की लिई असार ३० गतेनै फछ्र्यौट भएकोले सामाजिक सुरक्षा भत्ता वितरण नियमसंगत वितरण भएको छ भन्न सकिएन । सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, 2075 को 16(घ) वैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेका स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नु पर्दछ भन्ने उल्लेख छ । ७ | |

वडा वडा कार्यालयलाई वडा मार्फत वितरण गर्नु पर्नेमा एउटै पदाधिकारीलाई पेश्की दिईनु उचित देखिएन । तसर्थ वैंक प्रणाली मार्फत सामाजिक सुरक्षा सुरक्षा भत्ता वितरण गर्नु पर्दछ ।

७९ **पेश्की बाकी** २,०५०,६७७

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७7 को नियम 47 मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछर्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछर्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।पेश्की बाकीको विवरण (म.ले.प.फा.नं.211) अनुसार पेश्की बाकी देखिएको पेश्की फर्छयौट हुनु पर्ने रु.

| **भौ.नं/मिति** | **पेश्की लिनेको नाम** | **योजनाको नाम** | **म्याद नाघेको** | **म्याद ननाघेको** |
|---|---|---|---|---|
| 2077/9/10 **(मोबिलाइजेसन)** | रोयल कन्स्ट्रक्सन | भवन निर्माण | 6000000 | 0 |
| 2077/9/10 | साउदकाडा वाहुनकाडा खानेपानी निर्माण उपभोक्ता समिति | खानेपानी निर्माण | 75000 | 0 |
| 2077/9/9 | नेपाल विद्युत प्राधिकरण | विद्युत विस्तार | 1975677 | 0 |
| | **जम्मा** | | **8050677** | |

८० **आन्तरिक लेखापरीक्षण** ४५०,३७८

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याइका व्यहोरा निम्न छन् । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औलाएका देहाय अनुसारका बेरुजूहरु अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फछर्यौट गरेको नपाइएको रू.

| भौ.न/मिति | विवरण | रकम |
|---|---|---|
| 175/078/3/24 | आदर्श गाउँपालिका पशु शाखाले कार्यालय लाई आवश्यक सामाग्री हिरा ट्रेडर्स एण्ड जनरल अडर सप्लायर्स, दिपायल वाट खरिद गरेको विल पेश हुन आयकोमा सो खरिद सामाग्री कार्यालयको जिन्सी खातामा दाखिला भएको देखिदैन, खरिद सामाग्री अनिवार्य दाखिला गर्नुपर्ने रु. | 91764 |
| 1 कोभिड | गरिव घरपरिवारलाई राहत वितरण अन्तर्गत आदर्श गाउँपालिका वडा नं.३ का विभिन्न व्यक्तिलाई वितरण गरेको राहतमा कोटेशन मार्फत घटाल सप्लायर्सवाट सामान खरिद गरिएको पाइयो । संलग्न कागजातमा करचुक्ता प्रमाणपत्र नहुनुका साथै विल वमोजिमको १०२ कुईन्टल चामलमा २५० के.जी चामलको भर्पाई संलग्न नरहेको रु. | 12200 |
| 20 कोभिड | विश्वव्यापी रुपमा फैलिएको कोभिड माहामारीको क्रममा सिमाना तथा क्वारेनटाईनमा रहेका व्यक्तिलाई ओसारपसार गरे वापत गाडि मालीक चक्र वहादुर खड्काले कार्यालयवाट ५४,०००वरावरको भुक्तानी लिएकोमा ओसारपसार गरेका व्यक्तिहरुको विवरण, कार्यपालिकाको निर्णय, कार्यालय संगको सम्झौता संलग्न कागजातमा पेश हुन नआएकोले प्रमाण पेश गर्नु पर्ने रु. | 54000 |
| 41 कोभिड | कोभिड माहामारीको क्रममा आदर्श गाउँपालिकाको नाममा खाना र खाजा वापत १५,७०९विल पेश गरि मनकामना गेष्ट हाउसले भुक्तानी लगेको देखियो पेश हुन आएका कागजात परिक्षण गर्दा गाउँपालिकाले को माथी लगानी गरियो राहत उपलव्ध गराईएका व्यक्तिको विवरण खुलेन, अपुग कागजात पेष गनु पर्ने रु. | 15709 |
| 91 गाउँपालिका चालु | आदर्श गाउँपालिका पशु शाखामा १,९०,२००वरावरको औषधि खरिद गरि सिधै शाखामा दाखिला गरेको देखियो खरिद गरिएको औषधि कहाँ प्रयोग गरियो सोको खर्च र मौज्दात खुलेन । विवरण पेश गर्नुपर्ने रु. | 190000 |
| 158 गाउँपालिका चालु | आदर्श गाउँपालिका कृषि शाखाका ना.प्रा.स. खेमराज पाठकले ३९,४००वरावरको मकैको विउँ चाँदनी भेट सेन्टरवाट खरिद गरि शाखामा दाखिला गरेको पाईयो, उक्त विउँ कति कृषकलाई बाँडियो सोको भरपाई पेश गर्नुपर्ने रु. | 39400 |
| 281/078/3/10 | आदर्श गाउँपालिका वडा न.५ को विविध शिर्षक वाट खर्च हुने गरि खाजा नास्ताको एकमुष्ट ९९,९००वरावरको प्यान विल पेश हुन आएको हुँदा ऐन अनुसार विस हजार भन्दा माथिको भ्याट विल प्रयोग गर्नु पर्ने साथै 15 प्रतिशतले हुने कर सम्बन्धित सप्लायर्सबाट असुल हुनुपर्ने रु. | 14985 |

| | | |
|---|---|---|
| 264/078/3/17 | आदर्श गाउँपालिका शिक्षा समितिको वैठकमा उपस्थित संख्या १०५ राखिएकोमा खाजा नास्ताको १४५ जनाको ४३,०००वरावरको विल पेश गरि भुक्तानी लगेको देखियो, आर्थिक कार्यविधि ऐन २०६४ अनुसार प्रति व्यक्ति २०० वरावरको नास्ता पाउने व्यवस्था भए वमोजिम ४० जनाको वढि भुक्तानी भएको देखिन्छ । वढि भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | 22000 |
| 174/078/1/9 | आदर्श गाउँपालिका शिक्षा शाखाको वैठक र शिक्षा समितिको खाजा नास्ताको विल निराजन नास्ता पसलवाट ४,९१,२००पेश हुन आएकोमा नम्स अनुसार प्रती व्यक्ति २०० भन्दा वढि खर्च गर्न नपाउने छ, कागजातमा १९९ जनाको उपस्थिती रहेकोमा २३३ जनाको देखाई नास्ताको रकम लगेको देखिन्छ, यसरि ३४ जनाको वढि रकम रु.१०३२० नम्स भन्दा वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | 10320 |
| **जम्मा** | | **450378** |

| | | | | |
|---|---|---|---|---|
| ८१ | | | **कोभिड १९ तर्फ**<br>कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७8 असार मसान्तसम्मको प्राप्त रकम र खर्च सम्बन्धी बिबरण अनुसार कार्यालयले रू.24751485 आम्दानी भएको विवरण पेश गरेको छ भने असार मसान्त सम्ममा रू. 4411815 खर्च भएको देखाएको छ । असार मसान्त सम्ममा खर्च नभइ रू. 20339670 बाँकी रहेको देखिन्छ । कार्यालयले देहाय अनुसार आम्दानी र खर्चको विवरण पेश गरेको छ । | |

| बजेट/आम्दानीको स्रोत | २०७८ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७८ असार मसान्तसम्म खर्च रकम |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | 1000000 | राहात वितरण | ० |
| प्रदेश सञ्चित कोषबाट | ० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | 0 |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | 19753485 | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | 0 |
| समानिकरण संघ | 3998000 | जनशक्ति परिचालन | २२१८०० |
| प्रदेश कोभिड कोषबाट | ० | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | 3415667 |
| अन्य स्रोतबाट प्राप्त | ० | स्वास्थ्य पूर्वाधार निर्माण | 909077 |
| | | अन्य शीर्षकमा भएको खर्च | 87071 |
| | | बाँकी | 20339670 |
| जम्मा | **24751485** | जम्मा | **24751485** |

| | | | | |
|---|---|---|---|---|
| ८२ | | | अनुगमन<br>गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर बीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । | |